# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## वन डढेलो नियन्त्रण सम्बन्धि अत्यन्त जरुरी सूचना ।

गर्मी याम तथा खडेरीको मौसममा वनमा डढेलो लागि वन पैदावार, वन्यजन्तु तथा पंक्षी समेतलाई हानी नोक्सानी पुऱ्याई समग्र वातावरणमा नकारात्मक असर पर्न सक्ने सम्भावना भएकोले गर्मी याम तथा हावाहुरी लाग्ने समयमा आफ्नो गाउँ वरिपरीको वन क्षेत्रलाई वन डढेलोबाट जोगाई वन पैदावार, वन्यजन्तु तथा पंक्षी समेतलाई संरक्षण गर्न तर्फ अग्रसर हुन सवैमा अनुरोध गर्दछु । त्यसैले सलाई, लाईटर जस्ता प्रज्वलनशील वस्तु बालबालिकाको पहुँचबाट टाढा राखौं र त्यस्ता वस्तु लिएर वन प्रवेश नगरौं/नगराऔं । वन जंगलसँग जोडिएका खेतबारीमा कृषि बालीका ठुटाठुटी, झिङ्टा बालिसकेपछि आगो निभाएर मात्र छोडौं, घर गोठमा हावाहुरी लागेको समयमा आगो नबालौं । घर गोठको काम सकिएपछि आगो निभाएर मात्र छोडौं । आगलागीबाट आफुपनि बचौं र अरुलाई पनि बचाऔं । वनमा आगो लगाउने कार्य कानुनी अपराध भएकोले जथाभावी आगो लगाउने कार्य पूर्ण रुपमा रोक्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

धन्यवाद ।

मिति : १८ फागुन २०८०
ने.सं. ११४४ सिल्लागा, ६ शुक्रवार

(मणिराम बुढाथोकी)
अध्यक्ष

मणिराम बुढाथोकी
अध्यक्ष